# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## शहिद लखन गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ३५

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ३० लाख २१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१६ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५३ लाख १० हजार, नियमित गर्नुपर्ने रू.६० लाख २३ हजार रहेको छ । गतवर्ष रु.४ करोड १५ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.५ करोड ४२ लाख ९ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। पालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

शहिद लखन गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | ८० | १३०२१ | - | - | - | ४५ | ८० | १३०२१ | १६८८ | ६०२३ | ५३१० | - | - | ११३३३ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ४१५९२ | - | ४०४ | ४११८८ | - | १३०२१ | ५४२०९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शहिद लखन गाउँपालिका, गोरखा , सहिद लखन गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | jeewan bahadur ale magar | २०७४-७-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santosh lamichhane | २०७६-८-१५ | |
| | | **बेरुजु रकम** | १३,०२०,९०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२,२७,९०,१३७.३४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०,६७,१०,४९० | चालु खर्च | ३५,३५,८३,८५२.८ |
| प्रदेश सरकारबाट अनुदान | २,१३,२२,००० | पूँजीगत खर्च | १५,३०,८६,१८४.३४ |
| राजश्व बाँडफाँट | ७,९८,५६,२१६.७१ | वित्तीय/अन्य व्यवस्था | १,७७,३७,२६३.६६ |
| आन्तरिक आय | १,१४,५१,४११.०८ | | |
| अन्य आय | ४,२६,८७,८८७.१६ | | |
| कुल आय | ५६,२०,२८,००४.९५ | कुल खर्च | ५२,४४,०७,३००.८ |
| बाँकी मौज्दात | | १६,०४,१०,८४१.४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७८।१०।२३ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १४९.०३ वर्ग किलोमिटर क्षेत्रफल तथा २७५५५ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५७,५६,८५,१६९.०९ | ५६,२०,२८,००४.९५ | | ५६,२०,२८,००४.९५ | ४७,१६,६७,३४३.४८ | | ४७,१६,६७,३४३.४८ |
| क. प्राप्ति | | ५४,७६,२१,८३० | ५१,९३,४०,११७.७९ | ० | ५१,९३,४०,११७.७९ | ४६,३८,६०,१८२.४८ | ० | ४६,३८,६०,१८२.४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (संचितकोषमा आम्दानी बाँधिने) | | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ८,६२,३१,४६० | ७,९३,०१,६४१.२७ | ० | ७,९३,०१,६४१.२७ | ६,६४,००,८८८.१० | ० | ६,६४,००,८८८.१० | | |
| | | | | १३००० अनुदान | | ४५,००,९०,३७० | ४३,००,२७,७६६.४३ | ० | ४३,००,२७,७६६.४३ | ३८,६५,७८,१६६.५० | ० | ३८,६५,७८,१६६.५० | | |
| | | | | संघीय सरकार | १२ | ४०,६८,१८,३७० | ४०,६७,१०,४९० | ० | ४०,६७,१०,४९० | ३६,३८,७३,१६६.५० | ० | ३६,३८,७३,१६६.५० | | |
| | | | | प्रदेश सरकार | १२ | ३,१३,२२,००० | २,१३,२२,००० | ० | २,१३,२२,००० | २,२४,०५,००० | ० | २,२४,०५,००० | | |
| | | | | अन्तरिक श्रोत | १२ | १,१९,५०,००० | १९,९५,२७६.४३ | ० | १९,९५,२७६.४३ | ३,००,००० | ० | ३,००,००० | | |
| | | | | १४००० अन्य राजस्व | | १,१३,००,००० | १,००,१०,७१०.०९ | ० | १,००,१०,७१०.०९ | १,०८,८१,१२७.८८ | ० | १,०८,८१,१२७.८८ | | |
| | | | | ख. अन्य प्राप्ति | | २,८०,६३,३३९.०९ | ४,२६,८७,८८७.१६ | | ४,२६,८७,८८७.१६ | ७८,०७,१६१ | | ७८,०७,१६१ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | २,८०,६३,३३९.०९ | ३,९५,०२,१४६.१६ | ० | ३,९५,०२,१४६.१६ | ७८,०७,१६१ | ० | ७८,०७,१६१ | | |
| | | | | धरौटी | | ० | ३१,८५,७४१ | ० | ३१,८५,७४१ | ० | ० | ० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानी (ग+घ) | | ६९,१९,७२,६६१.०९ | ५२,४४,०७,३००.८० | | ५२,४४,०७,३००.८० | ३९,५१,०३,२३६.९३ | | ३९,५१,०३,२३६.९३ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६,३९,०९,३२२ | ५०,६६,७०,०३७.१४ | | ५०,६६,७०,०३७.१४ | ३८,८२,०६,०६४.७६ | | ३८,८२,०६,०६४.७६ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ११,०५,१९,६२० | ९,३६,६३,१६५.१३ | ० | ९,३६,६३,१६५.१३ | १८,८६,९५,५३९.१३ | ० | १८,८६,९५,५३९.१३ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २५,७५,७४,७५० | २२,५२,८८,६२१.७० | ० | २२,५२,८८,६२१.७० | ३,९५,७२,९६१.९२ | ० | ३,९५,७२,९६१.९२ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ५७,१०,००० | ५२,८४,३५० | ० | ५२,८४,३५० | ६३,१२,७५३ | ० | ६३,१२,७५३ | |
| | | | २६००० अनुदान | १८ | १०,००,००० | ९,९५,१०० | ० | ९,९५,१०० | ५,००,००० | ० | ५,००,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ७६,६२,३७५.३७ | ६८,२४,०८० | ० | ६८,२४,०८० | २१,४७,१९५.२४ | ० | २१,४७,१९५.२४ | |
| | | | २८००० अन्य खर्च | १८ | २,५६,४४,५७६.६३ | २,१५,२८,५३५.९७ | ० | २,१५,२८,५३५.९७ | १७,६३,०६७ | ० | १७,६३,०६७ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,५७,९८,००० | १५,३०,८६,१८४.३४ | ० | १५,३०,८६,१८४.३४ | १४,९२,१४,५४८.४७ | ० | १४,९२,१४,५४८.४७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | २,८०,६३,३३९.०९ | १,७७,३७,२६३.६६ | | १,७७,३७,२६३.६६ | ३९,५१,०३,२३६.९३ | | ३९,५१,०३,२३६.९३ |
| कोषहरु | | २,८०,६३,३३९.०९ | १,५७,६१,५१३.६६ | ० | १,५७,६१,५१३.६६ | ६८,९७,१७२.१७ | ० | ६८,९७,१७२.१७ |
| धरौटी | | ० | २३,६८,३०० | ० | २३,६८,३०० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (३,९२,५५०) | | (३,९२,५५०) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (११,६२,८७,४९२) | ३,७६,२०,७०४.१५ | | ३,७६,२०,७०४.१५ | ७,६५,६४,१०६.५५ | | ७,६५,६४,१०६.५५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२,२७,९०,१३७.३४ | | १२,२७,९०,१३७.३४ | ४,०६,३३,३७३.४२ | | ४,०६,३३,३७३.४२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (११,६२,८७,४९२) | १६,०४,१०,८४१.४९ | | १६,०४,१०,८४१.४९ | ११,७१,९७,४७९.९७ | | ११,७१,९७,४७९.९७ |
| बैंक तथा नगद बाकी | २४ | | १५,३६,५३,३०१.४० | | १५,३६,५३,३०१.४० | २६,९२,४४,२६५.८१ | | २६,९२,४४,२६५.८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **बैंक तथा नगदन बाँकीः** आर्थिक वर्षको अन्त्यमा धरौटी, विविध खर्च खाता प्रकोप व्यवस्थापन खाताको रकम वाहेक सञ्चितकोषमा बैंक स्टेटमेन्ट अनुसार रु. १३०३७४५१३।०९ र वित्तिय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूचि २४ अनुसार रु. १३०५५८२६१।९९ देखाइ बैंक स्टेटम्न्टले देखाएको रकम भन्दा वित्तिय प्रतिवेदनले रु. १८३७३०।९० बढी देखाएको पाइयो । के कसरी रकम फरक पर्न गएको हो कार्यालयबाट यकिन गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ११५३३७०००. | ११४०६०८२१. |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६६०००००. | ६३८५४२२. |
| ३ | ३६५०११११४-स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | ६५०००००. | ०. |
| ४ | ३५०००१२०४-सामाजिक विकास मन्त्रालय (संघ सर्सत) | ८०००००. | ७६२८३६. |
| ५ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २२८०००००. | ०. |
| ६ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४२८९५. |
| | जम्मा | १५२०८००००. | १२१२५१९७४. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | • कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक समेत गरी राख्नु पर्नेमा सो अनुसार व्यक्तिगत खाता बनाएको पाइएन । | |
| ४.६ | | | म.ले.प.फा.नं. ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारामहरु अद्यावधिक गरी राखेको पाइएन ।<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ५.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ५.३ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br><br>• गत वर्षको जिम्मेवारी रु. ११८३४५२८३।२१ देखाएकोमा यस वर्ष रु. १२२७९०१३७।३४ जिम्मेवारी सारी रु. ४४४४८५४।१३ बढी जिम्मेवारी देखाएको छ ।<br>• सुत्र अनुसार संघीय हस्तान्तरित कार्यक्रममा क्षेत्रगत बजेट तथा खर्चमा रु. २५९११०४९०।- निकासा भएकोमा रु. २३७६४७८२८।४५ खर्च भइ रु. २१४६२६६१।५५ बाँकि देखाएकोमा वित्तिय प्रतिवदेनको अनुसूची २१ मा रु. ३२५६८०।- बढी फिर्ता गर्नुपर्ने देखाएको छ ।<br>• सुत्रको प्रतिवेदन म.ले.प.फा.नं.२११ फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केवारीमा कर्मचारी तर्फ फछ्र्यौट गर्न पेश्की बाँकी नदेखिएको तथा ठेकेदार तर्फ रु. १३८५०००।- देखिएकोमा वित्तिय प्रतिवेदनको अनुसूची २३ मा फछ्र्यौट गर्न बाँकी रु. २३६००००।- देखाएको छ । सुत्रकै दुइ वटा प्रतिवेदन वीच फरक फरक पेश्की देखाएको छ ।<br><br>तर्सथ वित्तिय प्रतिवेदनले आर्थिक कारोवारको यथार्थ र सही चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **जिम्मेवारी फरक परेको:** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ११८३४५२८३।२१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १२२७९०१३७।३४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४४४४८५४।१३ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. ४४४४८५४।१३ | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ६.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २७ ऐन, ४ नियमावली, ३९ कार्यविधि ४ निर्देशिका २ नीति र १ मापदण्ड समेत ७७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ६.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष १९ वटा दर्ता गरी कूल २१ वटा विवाद भएकोमा १६ मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| ७.१ | | | **राजश्व बाँडफाँडः** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको रकम रु. ३८२५४६।- मध्ये प्रदेश सरकारलाई पठाउनुपर्ने ४० प्रतिशतले हुने रकम रु. १५३०१८।४० मिति २०७८।६।२२ मा प्रदेश कोलेनिकामा पठाएको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रमः** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ईन्दिरा तिवारीले २०७७।३।१० गते रु.६२ करोड ६१लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ५९ लाख ५३ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाउँसभाको २०७७।११।६, २०७८।३।९ समेतको निर्णयबाट चालुतर्फ सडक, स्वास्थ्य, खानेपानी लगायतका शीर्षकमा रु.१४६५२०००।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 6 | 335000 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 103 | 25790000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 18 | 13915000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 5 | 13000000 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 0 | 0 |
| | जम्मा | 132 | 53040000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| | 64557620 | 51736824 | 10.21 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | | | |
| सामाजिक क्षेत्र | 237652750 | 222476644 | 43.91 |
| पूर्वाधार विकास क्षेत्र | 190536221 | 98626254 | 19.47 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 37483000 | 27030476 | 5.33 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 133679730 | 106799838 | 21.08 |
| जम्मा | 663909322 | 506670037 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 88315 | 2894 | 22644 | 62777 | 44079 |
| २ | प्रदेश सरकार | 10334 | 3913 | 1067 | 5305 | 3009 |
| ३ | गाउँपालिका | 54437 | 10645 | 7746 | 36047 | 15945 |
| ४ | कूल खर्च: | 153086 | 17452 | 31457 | 104129 | 63033 |
| | खर्च प्रतिशत | | 11.40 | 20.55 | 68.02 | 41.17 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वियनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूजीगत कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| तेर्सेगाउँ सामुदायिक भवन | २,००,००० | ० | ०.०० |
| गाउँपालिकास्तरीय अस्पताल | २५,००,००० | ० | ०.०० |
| नामजुङ्गस्वास्थ्य चौकी घेराबार | २,००,००० | ० | ०.०० |
| रामशाहघाटढाँडबारी तिउरी भञ्ज्याङ्ग सडकको डि.पि.आर. तथा डिटेलिङ्ग कार्य (क्रमागत) | ५,००,००० | ० | ०.०० |
| लुदीखोलागुर्दुम मास्किछाप तीनमाने जुम्ली चौतारा सडकको डि.पि.आर. तथा डिटेलिङ्ग कार्य (क्रमागत) | ५,००,००० | ० | ०.०० |
| जलकन्याखोला बदेली डाडागाउँ काठेखोला सडकमर्मत | ५,००,००० | ० | ०.०० |
| वडाकार्यालय परिसर व्यवस्थापन (वडा नं. ८) | ४,५०,००० | ० | ०.०० |
| चुनेभिरसडक सरसफाई (वडा नं.३) | १,५०,००० | ० | ०.०० |
| बाँझगराआरुबोट सडक | ५,००,००० | ० | ०.०० |
| जरेवरठाडे फ्जेल खोला सडक | ३,००,००० | ० | ०.०० |
| सडकमर्मत तथा सरसफाई कार्यक्रम | १५,३५,००० | ० | ०.०० |
| पिपलछापदलित वस्ती तोलाङ्गी गाउँ भाङवारी हुँदै बालेश्वरी सडक | १,००,००० | ० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | वडानं. २ भरीका सडक मर्मत | ३,१५,००० | ० | ०.०० | | |
| | | | गुर्दुमबक्राङ्ग सडक स्तरोन्नती | २०,००,००० | ० | ०.०० | | |
| | | | कैजलेधाराखानेपानी योजना (क्रमागत) | १,५०,००० | ० | ०.०० | | |
| | | | ठुलोपधेरा निबुरश्वारा खानेपानी | ३,००,००० | ० | ०.०० | | |
| | | | रिन्जेलीखानेपानी योजना | ५,००,००० | ० | ०.०० | | |
| | | | बाहुनथोकखानेपानी योजना | १,५०,००० | ० | ०.०० | | |
| | | | देवीमन्दिर निर्माण मैदान | १,००,००० | ० | ०.०० | | |
| | | | जलदेबीमा बि मा पहिरो नियन्त्रण | ३,००,००० | ० | ०.०० | | |
| | | | वडा८ को वडा कार्यालय भबनको थप संरचना निर्माण | ६,५०,००० | ० | ०.०० | | |
| | | | नाम्जुङ्ग, घैरुङ्ग, तिनमाने, मनकामना मुख्य सडक मर्मत | १५,००,००० | ० | ०.०० | | |
| | | | लखनथापा प्रा वि काँहुले भंगारर सडक | १,५०,००० | ० | ०.०० | | |
| | | | मनकामनामा.वि. भौतिक पूर्वाधार निर्माण | १,५०,००० | ० | ०.०० | | |
| | | | गाउपालिकास्तरीय शहिद लखन अस्पतातल जाने वाटो | ३,००,००० | ० | ०.०० | | |
| | | | रोटरीक्लब बज्रमनास्लु सँगको साझेदारीमा स्वास्थ्य क्याम्प संचालन | २,५०,००० | ० | ०.०० | | |
| | | | बर्चुलीथानरामभञ्ज्याङ्ग बुंकोटघाट सडकको डि.पि.आर. तथा डिटेलिङ्ग कार्य (क्रमागत) | ३,५०,००० | ० | ०.०० | | |
| | | | प्रहरीकार्यालय जग्गा ब्यावस्थापन | ९,८९,५४० | ० | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | प्रहरीकार्यालय जग्गा ब्यावस्थापन | १५,१०,४६० | ० | ०.०० | |
| | | | लखनकिल्ला जग्गा व्यवस्थापन (क्रमागत) | ६०,००,००० | ० | ०.०० | |
| | | | गौथलेबालेश्वरी सिडि निर्माण | २,००,००० | ० | ०.०० | |
| | | | मुलबाटोगाउँको कुवा देखि आपस्वावरा सम्म सिडि निर्मा | २,००,००० | ० | ०.०० | |
| | | | लोकिलदेखि भोर्लाझ्याङ, तिलार देखि खहरे दोभान सम्म सिडि बाटो | २,००,००० | ० | ०.०० | |
| ९ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | | | | |
| ९.१ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय सरकार तर्फ वित्तिय प्रतिवेदनको अनुसूची २१ अनुसार फिर्तागर्न बाँकी रु. २१७८८३४१।५५ देखाइएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (क्षेत्रगत बजेट्ट तथा खर्चमा) खर्च रु. २३७६४७८२८।४५ देखाएकोले निकासा रकम रु. २५९११०४९०।- बाट उक्त खर्च घटाउँदा रु. २१४६२६६१।५५ बाँकी रहेको रकम र प्रदेश सरकारलाई पठाउनुपर्ने रकम रु. १६०००५०।१९ समेत रु. २३०६२७११।७४ मिति २०७८।५।२८ मा फिर्ता दाखिला भएको छ । उक्त फिर्ता दाखिला भएको मध्ये प्रदेश सरकारलाई पठाउनु पर्ने रकम रु. १६०००५०।१९ समेत संघीय सरकारमा फिर्ता दाखिला गरेको पाइयो । खर्च नभै बाँकी रकम सम्बन्धित सञ्चितकोषमा नै फिर्ता दाखिला गर्नुपर्ने हुँदा फिर्ता दाखिला गर्दा उचित सतर्कता अपनाउनु पर्दछ । | | | | |
| ९.२ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | | | | |
| १० | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९ जना कर्मचारीहरु करारमा राखी रु.२६०००००।- खर्च लेखेको छ । | |
| १०.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कार्यालय र वडाहरुको समेत कूल दरबन्दी संख्या ३७ भएकोमा २९ पदपूर्ती भई ८ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १०.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले १ कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.६३५९७८।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ११.१ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| ११.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १२ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा निम्नानुसार रु.११६७३८५ खर्च लेखी भुक्तानी गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्दछ। | |

| भौ.न/मिति | कार्यक्रम | भुक्तानी रकम रु |
|---|---|---|
| ३०।२०७७।६।१९ | गाउंपालिका स्थापना दिवस | 71090 |
| १९२।२०७७।९।८ | महिला स्वास्थ्य स्वयमसेवीका दिवस | 50000 |
| ४४१।२०७८।१।२१ | पञ्चेवाजा खरिद | 150000 |
| २९६।२०७७।११।१० | हिमालय देवी युवा क्लवलाइ माघेसंक्रान्ती मेला | 100000 |
| ४३६।२०७८।१।२० | शिक्षकलाइ सम्मान | 128200 |
| ४४२।२०७८।१।२३ | रास्ट्रपति रनिङसिल्ड प्रतियोगीता | 138800 |
| ४६८।२०७८।२।१७ | लखन स्मृति गुठी पञ्चमि कार्यक्रम | 429295 |
| ६४४।२०७८।३।२५ | खेलकुद सामाग्री वितरण | 100000 |
| जम्मा | | 1167385 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खरिद व्यवस्थापनः** | |
| १३.१ | | | • सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभइ सम्झौताको म्याद थप गरिएको छ । थप म्यादभित्र निर्माण कार्य सम्पन्न गरीनुपर्दछ । | |
| १३.२ | | | • सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण आंशिक रुपमा भएकोले पूर्णरुपमा गुणस्तर परीक्षण र नीरीक्षण गरिनुपर्दछ । | |
| १३.३ | | | • सेवा प्रवाहलाई प्रभावकारी बनाउन सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ आंशिक रुपमा गरेको पाइयो । सबै कार्यक्रमहरुको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ पूर्णरुपमा गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाका निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेकोले छुट पारिश्रमिक कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | २१,०६३ |

| नाम थर | वार्षिक आय | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| जिवन बहादुर आले | ६३४२१८ | १३७४९६ | ४९६७२२ | ९१७२ | ५१५५ | 4017 |
| ऋषि रोका | ६००१३८ | १०१७३६ | ४९८४०२ | ९३४० | ४७२० | 4620 |
| ऋषिराम मरहट्ठा | ६३४२१८ | १०७४९६ | ५२६७२२ | १२१७२ | ५००० | 7172 |
| विष्णु थापा मगर | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६६० | 2627 |
| प्रदिप श्रेष्ठ | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६६० | 2627 |
| जम्मा | | | | | | 21063 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **दाखिला प्रमाण पेश गर्नुपर्नेः** | |
| १५.१ | १५९ | २०७८-१-१४ | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ । महारुद्र आ.वि.ले ल्यापटप-१, डेस्कटप-१०, प्रोजेक्टर-१, मल्टिप्रिन्टर-१ को रु.४८७५९५.०० र कम्प्यूटर टेवल-१३, चेयर-१५,कोरियन कार्पेट-४० मिटर र डोरमेट-२ को रु.१६२२६२.०० गरी जम्मा रु.६४९८५७.०० खरिदमा खर्च भएको छ । उक्त खरिद भएका मालसामानहरु सम्वन्धित विद्यालयको जिन्सी अभिलेख खातामा दाखिला गरेको देखिएन । सरकारी जिन्सी मालसामान यथास्थानमा दाखिला गरी श्रेस्ता खडा भएको प्रमाण पेश गर्नुपर्ने रु. | ६४९,८५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । मकैपुर प्रा.वि.ले सोफा-१, काठको टेवल-१, रिभल्विङ्ग चेयर-१, ग्लास डोर दराज-१, स्टील दराज-१ खरिद गरि रु.१०००००.०० भुक्तानी गरेको छ । उक्त खरिद भएका मालसामानहरु सम्वन्धित विद्यालयको जिन्सी अभिलेख खातामा दाखिला गरेको देखिएन । सरकारी जिन्सी मालसामान यथास्थानमा दाखिला गरी श्रेस्ता खडा भएको प्रमाण पेश गर्नुपर्ने रु. | १००,००० |
| १५.३ | १८० | २०७८-२-२१ | **पाठयपुस्तक खरिदः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७ को ३.२ अनुसार स्थानीय तहले सामुदायीक माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११-१२ अध्ययनरत विद्यार्थीलाई पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक रु.५००००.०० का दरले उपलव्ध गराउने व्यवस्था छ । साथै पाठ्यक्रम विकास केन्द्रले सम्वन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भन्दा भित्रका पुस्तक/पत्रपत्रिका खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठयपुस्तक उपलव्ध गराउन महेन्द्र शक्ती मा.वि., मनकामना मा.वि.,भगवती हिमालय मा.वि., शहिद स्मृति मा.वि.र जनशक्ती मा.वि. गरी ५ विद्यालयलाई रु.५००००.०० का दरले निकासा गरिएको छ । उक्त विद्यालयहरुले सन्दर्भ सूची भित्रका पुस्तक/पत्रपत्रिका खरिद गरेको विजक र विद्यालयमा दाखिला गरेको प्रमाण पेश गरेको छैन । सन्दर्भ सूची भित्रका पुस्तक/पत्रपत्रिका खरिद गरेको विजक र विद्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २५०,००० |
| १६ | २४७ | २०७८-३-२२ | **शिक्षण सहयोग अनुदानः**<br>अग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकबाट विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं.१७३ मिति २०७७/१०/११ को पत्रानुसार दरबदी वा राहत अनुदान नभएको (शून्य दरवन्दी) एक मात्र दरबन्दी वा राहत अनुदान भएका मा.वि. मा माध्यमिक तहको गणित, अग्रेजी, विज्ञान विषयमा शिक्षक व्यवस्थापनका लागी चालु आ.व.मा पुष मसान्तसम्म ६ महिना वरावरको रकमा निकासा गरिने व्यवस्था छ । सिद्धस्थानी मावि-५, जलदेवी मावि-५ र हिमालय मावि-६ गरी ३ विद्यालयलाई माध्यमिक तहको शिक्षण अनुदानमा छनौट भएका शिक्षकहरुका लागी रु.२१६०००.०० का दरले जम्मा रु.६४८०००.०० निकासा भएको छ । उक्त विद्यालयहरुबाट शिक्षक छनौट भएको निर्णय, करार सम्झौता, हाजिरी विवरण पेश भएको छैन । शिक्षण सहयोग अनुदान शिर्षकबाट विद्यालय क्षेत्र विकास कार्यक्रममा तोकिए अनुसार शिक्षक छनौट भएको निर्णय, करार सम्झौता र हाजिरी विवरण प्रमाण पेश हुनुपर्ने रु | ६४८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १७ | १२२ | २०७७-१२-२० | **असुल गर्नुपर्ने:**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान विद्यालय सुधार योजनाका लागि प्रति विद्यालय वार्षिक रु.१५,०००.०० सामाजिक परीक्षणका लागी प्रति विद्यालय वार्षिक रु.१०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ ।आर्थिक वर्ष ०७६/७७ मा वन्द भएको विद्यालय श्री मकैपुर प्रा.वि. लाई विद्यालय सुधार योजना रु.१५,०००.०० सामाजिक परीक्षण रु.१०,०००.०० गरी जम्मा रु.२५०००.०० निकासा भएको छ । यसरी विद्यालय बन्द भएको आर्थिक वर्षको विद्यालय सुधार योजना र सामाजिक परीक्षणमा गरिएको निकासा असुल गर्नुपर्ने रु. | २५,००० |
| १८ | १२२ | २०७७-१२-२० | **सेनीटरी प्याड खरिदः**<br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७ अनुसार सेनिटरी प्याड खरिदमा 240+-20 lenth 60-70 mm width, absorb at 30 ml of colored distilled water, PH value 6-8.5 (tasted as perthe method given indian standard 1390) testing is performed and conformed from recognized and approved laboratory हुनुपर्ने गरी मापदण्ड तयार गरिएको छ । १७ विद्यालयका छात्राहरुलाई सेनिटरी प्याड वितरणको लागी प्रति प्याड रु.९०.४० का दरले रु ६७२०३४.०० निकासा भएको छ । विद्यालयले खरिद गरेको सेनिटरी प्याडको विजकमा मापदण्ड अनुसार खुलाएर खरिद गरेको देखिएन । जसले गर्दा गुणस्तरहिन सेनिटरी प्याड खरिद हुन सक्ने देखियो ।कार्यविधिले तोकेको मापदण्ड अनुसारको सेनिटरी प्याड खरिद गर्नेतर्फ विद्यालय तथा पालिकाले ध्यान पुरयाउनुपर्दछ । | |
| १९ | | | **पेश्की व्यवस्थापनः**<br>**पेश्की फर्छौटः** कार्यालयबाट प्राप्त फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी म.ले.प.फा.नं.२११ अनुसार रु. १३८५०००।- पेक्की बाँकी देखाएकोमा आर्थिक वर्ष २०७८।०७९ को भौ.नं. ३१।०७८।६।२२ बाट रु.८१००००।- र भौ.नं. ८५।०७८।१०।१३ बाट रु. ५७५०००।- समेत रु. १३८५०००।- फर्छौट भएको प्रमाण पेश भएको छ । | |
| २० | | | **आन्तरिक आय**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को नियम २७ वमोजिम प्रचलित कानुनवमोजिम नेपाल सरकारलाइ प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोहि दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढांचामा राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाका वडाहरुमा राजश्व संकलनका लागी राजश्व सफ्टवोयर जडान गरिएको भएतापनी वडा नम्बर १ र ९ मा नगदी रसिद मार्फत राजश्व संकलन गरेको छ।उठेको राजश्व रकम ढिला गरि दाखिला हुने गरेको पाइयो।समयमै दाखिला नगर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारीलाइ कार्वाही गरि दाखिला समयमै गराउने तर्फ तथा राजश्व सफ्टवोयर मार्फत राजश्व संकलन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ ।आ.व २०७७।७८ मा निम्नानुसार राजश्व सकंलन भएको देखिन्छ। | |

| राजश्व शिर्षक | असुल रकम | दाखिला रकम |
|---|---|---|
| भुमी कर/मालपोत कर | 1542281 | 1542281 |
| घर वहाल कर | 397034.6 | 397034.6 |
| अन्य कर | 2396363.43 | 2396363.43 |
| अन्य सेवासुल्क तथा विक्री | 1651993.3 | 1651993.3 |
| नक्सा पास दस्तुर | 181455.82 | 181455.82 |
| सिफारिस दस्तुर | 4305614.13 | 4305614.13 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | 115515 | 115515 |
| व्यवसाय रजिस्ट्रेशन दस्तुर | 256405 | 256405 |
| न्यायीक दण्ड जरिवाना र जफत | 119336 | 119336 |
| ब्यवसाय कर | 14765 | 14765 |
| जम्मा | 10980763.28 | 10980763.28 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **प्रमाण पेश गर्नुपर्नेः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **स्वास्थ्य सामाग्रि खरिद निकासाः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको सि.नं.१.५ मा स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन गर्न सामुदायीक विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थी संख्या एकीन गरी प्रति विद्यार्थी जम्मा रु.२०० का दरले हुन आउने रकम विद्यालयलाई उपलव्ध गराउने र स्वीकृत स्वास्थ्य सम्वन्धि मापदण्डहरुमा उल्लेखित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड विकास गर्ने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा रहेका ४६ विद्यालयका ४३५४ छात्रछात्राहरुका लागी रु.२०० का दरले जम्मा रु.८,७०,८००.०० निकासा भएको छ । विद्यालयहरुले छात्रछात्राहरुका लागी प्रयोग हुने स्वास्थ्य सामाग्रि खरिद गरेको विजक पेश गरेको छैन । स्वास्थ्य सामाग्रि खरिदको लागी निकासा भएको रु.८,७०,८००.०० को विजक प्रमाण पेश गर्नुपर्ने रु. | ८७०,८०० |
| २१.२ | | | **ईन्टरनेट जडान** – कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७ को ५.१ अनुसार माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत प्रति विद्यालय वार्षिक रु १२००० का दरले उपलव्ध गराउने व्यवस्था छ । यस पालिकामा संचालित ४६ विद्यालय मध्ये ३५ विद्यालयलाई भौ.नं.१५५-०७८/१/२८ बाट रु.४२००००.०० र भौ.नं. १२२-०७७/१२/२० बाट ११ विद्यालयलाई रु.१३२०००.०० गरी जम्मा रु.५५२०००.०० इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत उपलव्ध गराईएको छ । ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । इन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु. | ५५२,००० |
| २२ | ३११ | २०७८-३-२५ | **खर्च समर्थनः**<br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन सि. नं. ४ (क) मा एउटा सब बजेट उपशिर्षकमा विनियोजन भएको रकम अर्को सब बजेट उपशिर्षकमा खर्च नगर्ने स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । तपसिलको शिर्षकमा निकासा भएको रकम आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत,अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारीहरु शिर्षकमा रु.३१२९७५३.०० खर्च गरिएको छ । फरक शिर्षकमा खर्च गर्न पर्नाको कारण उल्लेख गरी शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई च.नं. ४००क मितिः२०७८।३।२३ मा खर्च समर्थनको लागी पत्र पठाएको देखिन्छ । पालिकाले खर्च समर्थनको लागी पत्र पठाएको भएता पनि उक्त खर्च शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमीबाट समर्थन गरेको देखिदैन । यसरी खर्च स्वीकृत वा समर्थन नगरी फरक खर्च शिर्षकबाट खर्च गर्नु नियमसम्मत नदेखिएको रु. | ३,१२९,७१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सि.नं. | खर्च शिर्षक कार्यक्रम | रकम | | |
| | | | | १ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम | 1244961 | | |
| | | | | २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति आवासिय तथा गैरआवासिय | 232665 | | |
| | | | | ३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठयपुस्तक अनुदान | 175311 | | |
| | | | | ४ | शैक्षिक पहुच सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम | 18600 | | |
| | | | | ५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटारी प्याड व्यवस्थापन | 666966 | | |
| | | | | ६ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 107000 | | |
| | | | | ७ | विद्यालय भौतिक पूर्वाधार निर्माण | 50000 | | |
| | | | | ८ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | 90000 | | |
| | | | | ९ | प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवम् कक्षा ८ परीक्षा व्यवस्थापन अनुदान | 544250 | | |
| | | | | | जम्मा | 3129753 | | |
| २३ | | | **ठेक्का व्यवस्थापन सम्बन्धमाः** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | **बढि भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम खरिद सभझौता अनुसार सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा करार सर्त अनुसार नापि कितावमा उल्लेखीत वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । जुम्ली चौतारा राइनास बुट्टार सडक स्तरउन्नति कार्य गुम्दा माछीखोला निर्माण सेवा सँग रु.१८२२२८६।मा गर्न मिति २०७७।१।२०।गते सम्पन्न गर्ने गरि मिति २०७६।९।२३ मा संझौता भएको थियो ।निर्माण व्यवसायीलाई अन्तिम विल मा रु.४९४९४४। भुक्तानी हुनु पर्नेमा भौ१४-०७६।६।१५ बाट रु.७९७९४३। भुक्तानी भएकोले बढी भुक्तानी रु.३०००। गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | ३,००० |
| २३.२ | | | **बढि भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम खरिद सभझौता अनुसार सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा करार सर्त अनुसार नापि कितावमा उल्लेखीत वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको बहुउद्धेश्यि सभाहल क्रेटर कन्स्ट्रक्सन सँग रु.९३४२८९१.११मा कार्य गर्न मित २०७८।३।१५ गते सम्ममा सम्पन्न गर्ने गरी मिति ०७७।९।६ मा संझौता भएको थियो । निर्माण व्यवसायीलाई रु.५२५८९८९।भुक्तानी भएको तर अन्तिम विलमा र नापि किताबमा रु.४९७६५६२। को मात्र कार्य भएको देखिदा नापि किताबमा उल्लेखित रकम भन्दा बढी भुक्तानी भएको रु.२८२५२७। निर्माण व्यवसायी सँग असुल गरी गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | २८२,५३७ |
| २३.३ | | | **बढि भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम खरिद सभझौता अनुसार सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा करारको सर्तनामा अनुसार नापि कितावमा उल्लेखीत वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । काउले भंगार रिपथोक रोड स्तरोन्नती कार्य श्री न्यू गोरखा मनकामना कन्ष्ट्रक्सनले गरी भौ ४१०-०७८।३।३० बाट अन्तिम विल रु.४१४५६०।भुक्तानी गर्खा विमा वापत रु.१८९२८। मु.अ.क समेत विल वेगर भुक्तानी भएकोले असुल गर्नु पर्ने रु. | १८,९२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर विजक**<br>मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ अनुसार कुनै वस्तु वा सेवा आपुर्ति गर्दा तोकिएको ढाँचामा सिलसिलेवार नम्वर राखी कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।विद्यालय स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालनका लागी आवश्यक सामाग्री खरिद गरी मु.अ.कर रु.१८५७७ सहित रु.१६१४८५ सि.मि.स इन्टर प्राइजेजलाइ भुक्तानी भएको छ।आपुर्तिकर्ताले पेश गरेको विल भर्पाइमा मुल्य अभिवृद्धि कर विजक पेश भएकोमा कर विजक नम्वर ६३८ लाइ सच्याइ हातले २३८ लेखेको विल समावेस भएको देखिएकोले आन्तरिक राजस्व कार्यालयवाट मुल्य अभिवृद्ध कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु | १८,५७७ |
| २५ | | | **सट्टा शिक्षक**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले मनकामना मा वि मा स्थायी दरवन्दीमा कार्यरत शिक्षक मोहनराज विष्टलाइ स्रोत व्यक्तीको रुपमा कामकाज गर्ने गरी काज खटाई निजको सट्टामा मन्जु थापा लाई विद्यालयमा नियुक्ती गरी पालिकावाटै मासिक रु.३५९९० का दरले चाडपर्व खर्च समेत रु.४६७८७०, महंगी भत्ता रु.२४००० तथा पोसाक भत्ता रु.१०००० गरी कुल जम्मा रु.५०१८७० खर्च लेखेको छ।सट्टा शिक्षक राखि खर्च लेख्ने कार्यमा नियन्त्रण गरिनुपर्छ। | |
